# कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा
गर्नका लागि तयार पारिएको

## शोध-पत्र


शोधकर्ता

प्रकाश कुमार सापकोटा

एम.एड. दोस्रो वर्ष

परीक्षा रोल नं. २८००६८

त्रि.वि. दर्ता नं. ९-१-४८-९७८-२००२

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं


२०६९

कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना

पा.मू. ४००/०६९

- प्रकाश कुमार सापकोटा

# कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा
गर्नका लागि तयार पारिएको

## शोध-पत्र


शोधकर्ता
प्रकाश कुमार सापकोटा
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं. २८००६८
त्रि.वि. दर्ता नं. ९-१-४८-९७८-२००२

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं


२०६९

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर, काठमाडौंको पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विषय अन्तर्गतको आंशिक आवश्यकता पूरा गर्नका लागि प्रकाश कुमार सापकोटाले **कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना** विषयक शीर्षक शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म पूर्ण सन्तुष्टि भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

शोध निर्देशक

उप-प्राध्यापक शिवराज बढु

Date: 19 Sept. 2012

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुर काठमाडौं पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षका लागि शिक्षा शोध पाठ्यांशका निमित्त प्रकाश कुमार सापकोटाले **कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना** शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा. स्वयं प्रकाश ज.ब.रा. ..........................
विभागीय प्रमुख
पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

२. उप-प्रा. शिबराज बढु ..........................
शोध निर्देशक

३. उप.प्रा. किरणराम रञ्जितकार ..........................

बाह्य निरीक्षक

Date: 26 Sept. 2012

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विषयको 'कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयको पाठ्यक्रम कार्यान्वयनको तुलना' शिर्षकको प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु उप-प्राध्यापक श्री शिवराज बढुको कुशल निर्देशनमा तयार पारेको हुँ । प्रस्तुत शोध लेखनको क्रममा आफ्नो कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई शोधकार्य गर्न हौसला र अभिप्रेरणा प्रदान गर्नुका साथै समूचित मार्गदर्शन र सरसल्लाह प्रदान गरी यस कार्यलाई सहज बनाइ दिनुभएकोमा शोधनिर्देशकप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागका विभागीय प्रमुख एवं आदरणीय गुरु स्वयं प्रकाश ज.ब.रा.ज्यूलाई अत्यन्त व्यस्ताको बाबजुद पनि विभिन्न जानकारी साथै सूचना संकलनमा समेत आवश्यक सुझाव र सहयोग अनि हौसला प्रदान गरी सहयोग गरिदिनु भएकोमा म कृतज्ञ छु । त्यस्तै शोध प्रस्तवना देखि प्रतिवेदन तयार पार्ने क्रममा आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने पाठ्यक्रम तथा मूल्यांकन विभागका आदरणीय गुरुहरु किरणराम रञ्जितकार, विश्ववाला थापा र यशोधरा पन्त प्रति पनि आभार प्रकट गर्दछु ।

अध्ययन अनुसन्धानको क्रममा क्रममा छनोटमा परेको सामुदायिक विद्यालय श्री थापाठाना मा.वि., थापाठाना र संस्थागत विद्यालय ग्रिनपिस इङ्गलिस बोर्डिङ्गका प्रधानाध्यापक लगायत सम्पूर्ण शिक्षकहरु र विद्यार्थी भाइबहिनीहरुले अध्ययनका लागि सहज रुपमा आवश्यक सूचनाहरु उपलब्ध गराउन र उपयुक्त वातावरण सिर्जना गरिदिनु भएकोमा धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा आवश्यक सहयोग पुऱ्याउने साथीहरु गोकर्ण, गणेश, कल्पना र अमृता प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने दुर्क कम्प्युटर सिस्टम कीर्तिपुरका दुर्कमान महर्जनप्रत पनि धन्यवाद दिन चाहन्छु ।

**प्रकास कुमार सापकोटा**

# शोधसार

यस अध्ययनको शिर्षक कक्षा १ को सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलना रहेको थियो । यस अध्ययनको मुख्य उद्देश्य सामुदायिक र संस्थागत विद्यालयरुमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने तयारीको अवस्था र कार्यान्वयनको अवस्था तुलना गर्नु रहेको थियो । यो अध्ययन पर्वत जिल्ला थापाठाना गाउँ विकास समितिमा रहेको सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालय र संस्थागत विद्यालय ग्रिनपिस इङ्गलिस बोर्डिङ्ग विद्यालय गरी दुई वटा विद्यालयहरुलाई सुविधाजनक विधि अनुसार छनोट गरिएको थियो । यस अध्ययनका लागि गुणात्मक र परिमाणात्मक दुवै तरिकाबाट अनुसन्धान गरियो । यस अधययनको लागि दस्तावेज अध्ययन, विद्यालय सर्वेक्षण फारम, प्र.अ. अन्तर्वार्ता फारम, कक्षा अवलोकन फारम, कक्षा १ का शिक्षकहरुलाई प्रश्नावली र विद्यार्थीहरुलाई लक्षित समूह छलफलको प्रयोग गरी सूचनाहरु संकलन गरियो ।

अध्ययन गरिएको सामुदायिक विद्यालयमा ६ वटा विषयमा पूर्णाङ्क ६०० र उत्तिर्णाङ्क ३२ प्रतिशत रहेको र संस्थागत विद्यालयमा ८ वटा विषयमा पूर्णाङ्क ७०० र उत्तिर्णाङ्क ३५ प्रतिशत रहेको पाइयो । त्यस्तै सामुदायिक विद्यालयमा स्थानीयमा अंग्रेजी राखेको पाइयो भने संस्थागत विद्यालयमा स्थानीय विषयमा सामान्य ज्ञान र नैतिक शिक्षा (५०+५०) राखेको पाइयो । सामुदायिक विद्यालयमा ६ वटा पाठ्यपुस्तकमा अनिवार्य अंग्रेजी र स्थानीय अंग्रेजी बाहेक सबै पाठ्यपुस्तक नेपाली माध्यममा अध्यापन गराइएको पाइयो । त्यसैगरी संस्थागत विद्यालयमा ८ वटा पाठ्यपुस्तकहरुमा अनिवार्य नेपाली बाहेक अरु सबै पाठ्यपुस्तक अंग्रेजी माध्यममा अध्यापन गराइने गरेको पाइयो । सामुदायिक विद्यालयमा एउटा स्थानीय विषय बाहेक अरु सबै पाठ्यपुस्तक विद्यार्थीहरुलाई निःशुल्क उपलब्ध गराइन्छ भने संस्थागत विद्यालयमा सम्पूर्ण पाठ्यपुस्तक विद्यार्थीहरुले किन्नु पर्ने र सामुदायिक विद्यालयमा सम्पूर्ण पाठ्यपुस्तकको जम्मा रु. २२० र संस्थागत विद्यालयको सबै पाठ्यपुस्तकको जम्मा रु. १४८० रहेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा वर्ष भरिमा २२० दिन खुल्ने १९० दिन पढाई हुने २१ दिन परीक्षा हुने र ५० दिन विदा हुन्छ भने संस्थागत विद्यालयमा २३५ दिन विद्यालय खोल्ने, २२० दिन पढाई हुने २५ दिन परीक्षा हुने र ४० दिन विदा हुने व्यवस्था गरेको पाइयो । सामुदायिक विद्यालय २०६९।०१।२० गते विद्यालय खोल्ने र २०६९।१२।२२ मा शैक्षिक सत्रको अन्तिम दिन रहेछ ।संस्थागत विद्यालय २०६९।०१।१० दिन देखि शैक्षिक सत्र सुरु भई २०५९।१२।२७ मा शैक्षिक सत्रको अन्तिम दिन रहेछ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालय वर्षभरिमा १० दिन बढी खुल्ने ३२ दिन बढी पढाई हुने ४ दिन बढी परीक्षा हुने गरेको पाइयो । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयमा शिक्षकले औसत रुपमा १० दिन कम विदा लिएको पाइयो । दुवै विद्यालयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेका शिक्षकहरुले अध्यापन गरेको पाइयो ।

सामुदायिक विद्यालयको कक्षा १ मा विद्यार्थी संख्या ९ जनामध्ये ४४ प्रतिशत छात्रा र ५६ प्रतिशत छात्र रहेका छन् भने संस्थागत विद्यालयमा २० जना विद्यार्थीहरु मध्ये ४० प्रतिशत छात्रा विद्यार्थी र ६० प्रतिशत छात्र विद्यार्थी रहेको पाइयो । सामुदायिक विद्यालयमा कक्षा १ मा परीक्षा प्रणाली ३ पटक संचालन गर्ने गरेको र अन्तिम परीक्षा १०० पूर्णाङ्क गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा चार पटक परीक्षा सञ्चालन गरेको पाइयो ।

सामुदायिक विद्यालयमा सबै विद्यार्थीहरु पास गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा सबै विषयमा पास भएको विद्यार्थीलाई मात्र पास गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा अभिभावक तथा विद्यार्थीहरुलाई नतिजाको जानकारी गराउँदा वार्षिक परीक्षाको लब्धाङ्कपत्र उपलब्ध गराउने, त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षाको नतिजा विद्यालयमा रेकर्ड गर्ने गरेको पाइयो भने संस्थागत विद्यालयमा प्रत्येक परीक्षाको लब्धाङ्क पत्र विद्यार्थीहरुलाई उपलब्ध गराउने गरेको पाइयो । सामुदायिक विद्यालयमा परीक्षामा पहिलो, दोश्रो, तेश्रो विद्यालयमा नियमित उपस्थित हुने विद्यार्थीलाई कापी कलम पुरस्कार दिइने गरेको पाइयो भने संस्थागत विद्यालयमा पनि कक्षामा पहिलो हुनेलाई मासिक शुल्क तिर्नु नपर्ने र पहिलो, दोस्रो, तेस्रोका साथै विद्यालयमा नियमित उपस्थित हुने, अनुशाषित विद्यार्थीहरुलाई कापी, कलम दिने र अविर लगाई पुरस्कृत गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा कक्षा १ मा १९० दिनमा औसत उपिस्थत विद्यार्थी दिन १६२ दिन रहेको छ भने संस्थागत विद्यालयमा कक्षा १ मा २२० दिनमा औसत उपस्थित दिन २११ दिन रहेको पाइयो । दुवै विद्यालयले परीक्षाबाट प्राप्त नतिजाको आधारमा कमजोर विद्यार्थीहरुलाई थप शिक्षण सिकाई क्रियाकलापको लागि ट्युसन व्यवस्था समेत रहेको पाइयो ।

# विषय सूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञताज्ञापन | | iii |
| शोधसार | | iv |
| तालिका सूचि | | viii |
| **परिच्छेद एकः परिचय** | | **१-७** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनका औचित्य | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको सीमाङ्कन | ७ |
| १.६ | सम्बन्धित शब्दावलिको परिभाषा | ७ |
| **परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन** | | **८-१४** |
| २.१ | सैद्धान्तिक आधारहरु | ८ |
| | २.१.१ शिक्षण सिकाई प्रक्रिया अध्ययनका लागि आधारहरु | ८ |
| | २.१.२ विद्यालय व्यवस्थापन अध्यनका लागि आधारहरु | ९ |
| २.२ | सम्बन्धित अध्ययनको समीक्षा | १२ |
| २.३ | अवधारणा निर्माण | १४ |
| **परिच्छेद तीनः अध्ययन विधि** | | **१५-१९** |
| ३.१ | अनुसन्धान ढाँचा | १५ |
| ३.२ | जनसंख्या र नमूना छनोट प्रक्रिया | १५ |
| | ३.२.१ विद्यालयको छनोट | १६ |
| | ३.२.२ प्रधानाध्यापकको छनोट | १६ |
| | ३.२.३ शिक्षकहरुको छनोट | १६ |
| | ३.२.४ विद्यार्थी छनोट | १६ |
| ३.३ | मूल्याङ्कन साधनहरु निर्माण | १६ |
| | ३.३.१ विद्यालय सर्वेक्षण फारम | १७ |

३.३.२ प्रधानाध्यापक सँगको अन्तर्वार्ता फारम १७
३.३.३ शिक्षक प्रश्नावली १७
३.३.४ कक्षा अवलोकन फाराम १७
३.३.५ लक्षित समूहसँग छलफलका लागि निर्देशिका १७
३.३.३ दस्तावेज अध्ययन १८
३.४ साधनको वैधता १८
३.५ सूचना संकलन प्रक्रिया १८
३.६ सूचनाको विश्लेषण प्रक्रिया १९

**परिच्छेद चारः सूचनाका विश्लेषण र व्याख्या** **२०-३५**
४.१ विषयगत संरचना र पाठ्यपुस्तकहरु २०
४.२ शैक्षिक क्यालेन्डरहरु २२
४.३ समय तालिकाहरु २३
४.४ भौतिक पूर्वाधारहरु २४
४.५ शिक्षकहरुको व्यवस्थापन २५
४.६ विद्यार्थीहरुको व्यवस्थापन २६
४.७ अतिरिक्त क्रियाकलापहरु २८
४.८ कक्षा क्रियाकलापहरु २९
४.८.१ नेपाली विषयमा शिक्षण क्रियाकलापहरु ३०
४.८.२ गणित विषयमा शिक्षण क्रियाकलापहरु ३१
४.८.३ अंग्रेजी विषयको शिक्षण क्रियाकलापहरु ३१
४.८.४ विज्ञान, स्वास्थ्य तथा शारीरिक शिक्षा विषयका शिक्षण क्रियाकलाप ३२
४.८.५ सिर्जनात्मक कला तथा सामाजिक विषयमा शिक्षण क्रियाकलाप ३२
४.८.६ स्थानीय विषयहरुको शिक्षण क्रियाकलाप ३५
४.९ परीक्षा सम्बन्धी क्रियाकलापहरु ३३

**परिच्छेद पाँचः प्राप्ति, निष्कर्ष र सुझावहरु** **३६-४१**
५.१ प्राप्ति ३६
५.२ निष्कर्ष ३८
५.३ सुझावहरु ४०

**सन्दर्भग्रन्थ सूची** **४२**

**परिशिष्ट** **४३-६२**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज |
|---|---|---|
| १.१: | प्राथमिक तह अन्तर्गत कक्षा १ को पाठ्यक्रमको विषयगत संरचना | ३ |
| ४.१ | सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को पाठ्यपुस्तकको विवरण | २१ |
| ४.२ | विद्यालयको शैक्षिक क्यालेण्डर | २२ |
| ४.३ | संस्थागत र सामुदायिक दुवै विद्यालयको कक्षा १ को समय तालिका | २३ |
| ४.४ | सामुदायिक र संस्थागत विद्यालयको कक्षा १ को शिक्षक व्यवस्थापन | २६ |
| ४:५ | सामुदायिक विद्यालयमा कक्षा १ को विद्यार्थी विवरण | २७ |
| ४.६: | संस्थागत विद्यालयको कक्षा १ को विद्यार्थी विवरण | २७ |
| ४:७ | सामुदायिक विद्यालय श्री थापाठाना माध्यमिक विद्यालयमा कक्षा १ को परीक्षा प्रणाली | ३४ |
| ४.८: | संस्थागत विद्यालय ग्रीनपिस इङ्गलिस बोर्डिङ स्कूलमा कक्षा परीक्षा प्रणाली | ३४ |